# नेपाली सम्पर्क समिति, दक्षिण कोरिया

## १७औं महाधिवेशन

## निर्वाचन आचारसंहिता -२०१९



नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७औं महाधिवेशनको अवसरमा २०१९, डिसेम्बर २९ मा हुन गईरहेको नयाँ कार्यसमिति चयनको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी र सहज ढंगबाट सम्पन्न गर्नका लागि संस्थाको विधानले दिएको अधिकार बमोजिम लोचन राईको संयोजकत्वमा गठित निर्वाचन समितिले यो निर्वाचन आचार संहिता जारी गरेको छ।

**१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा**

क. “ **आचार संहिता** ” भन्नाले नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७औं महाधिबेशनको निर्वाचन सम्बन्धि आचार संहितालाई जनाउँदछ।

ख. “ **निर्वाचन समिति** ” भन्नाले नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७औं महाधिवेशनको अवसरमा हुने निर्वाचन सम्बन्धी कार्य सम्पादन गर्न गराउन कार्य समितिको सिफारिसमा नियुक्त समितिलाई जनाउँदछ।

ग. “ **विधान** ” भन्नाले नेपाली सम्पर्क समिति दक्षिण कोरियाको विधानलाई जनाउँदछ।

घ. “ **महाधिवेशन** ” भन्नाले नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७औं महाधिवेशनलाई जनाउँदछ।

ङ. “ **साधारण सदस्य** ” नेपाली सम्पर्क समिति दक्षिण कोरियाको विधान अनुसार रितपूर्वक संस्थाको साधारण सदस्यता प्राप्त व्यक्तिलाई जनाउँदछ। साधारण सदस्यहरु मताधिकार सम्पन्न हुनेछन्।

च. “ **कार्य समिति** ” भन्नाले नेपाली सम्पर्क समिति दक्षिण कोरियाको कार्य समितिलाई जनाउँदछ।

छ. “ **उम्मेदवार** ” भन्नालेनेपाली सम्पर्क समिति दक्षिण कोरियाको विधान अनुसार निर्वाचन समितिले आव्हान गरेको कार्य समतिको विभिन्न पदहरुमध्ये कुनै एक पदको लागि रितपूर्वक उम्मेदवारी मनोनयन गरि निर्वाचन समितिले प्रकाशित गरेको अन्तिम उम्मेदवार नामावली सूचिमा नाम समावेश भएका व्यक्तिहरुलाई जनाउँदछ।

ज. “ **मतदाता** ” भन्नाले निर्वाचन प्रयोजनको लागि कार्य समितिले तोकेको अवधीभित्र नविकृत भएका तथा नयाँ सदस्यता लिएका साधारण सदस्यलाई जनाउँदछ।

## २ . निर्वाचन समिति

नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७औं महाधिवेशनको निर्वाचन सम्बन्धि कार्य सम्पादन गर्नको लागि गठित निर्वाचन समिति निम्न बमोजिम रहेको छ।

**संयोजक: श्री लोचन राई**

**सदस्य: श्री चित्र बहादुर मोक्तान**

**सदस्य: श्री जगनाथ ओली**

## ३. निर्वाचन प्रक्रिया

ख. निर्वाचन समितिले यस आचार संहिता संगै विस्तृत निर्वाचन कार्यतालिका प्रकाशित गर्नेछ।

ग. निर्वाचन प्रयोजनको लागि मतदाता नामावली निर्वाचन समितिको आग्रहमा कार्य समितिले तोकिएको समयभित्र उपलब्ध गराउँनेछ।

घ. निर्वाचन कार्यतालिका, निर्वाचन आचार संहिता, मतदाता आचार संहिता, उम्मेदवारी मनोनयन दर्ता फारम, उम्मेदवारी फिर्ता फारम, उम्मेदवारी आचार संहिता जस्ता निर्वाचनसंग सम्बन्धित सम्पूर्ण कागजातहरु निर्वाचन समितिले सरोकारवाला सबैको लागि कुनैपनि समयमा उपलब्ध गराउनेछ।

## ४. मतदाता आचार संहिता

क. निर्वाचन समितिले संस्थाको कार्य समितिद्वारा उपलब्ध गराइएको मताधिकार सम्पन्न साधारण सदस्यहरुको नामावली मतदाता नामावलीको रुपमा निर्वाचन कार्यतालिकामा उल्लेखित समयानुसार प्रकाशित गर्नेछ।

ख. निर्वाचन समितिद्वारा प्रकाशित गरिने मतदाता नामावलीमा सूचिकृत भएका सम्पूर्ण साधारण सदस्यहरुलाई मतदानको अधिकार हुनेछ।

ग. निर्वाचन समितिले प्रकाशित गरेको प्रारम्भिक मतदाता नामावली उपर निर्वाचन कार्यतालिकामा उल्लेखित समयभित्र दावी-बिरोध गर्न सकिनेछ।

घ. प्रारम्भिक मतदाता नामावलीमा उल्लेखित नाम आफ्नो राहदानी वा नागरिकता वा आवासीय कार्ड वा परिचय पत्रमा उल्लेख भए बमोजिम हुबहु नमिलेमा "मतदाता नामावली दावी-बिरोध"को समयभित्र निर्वाचन समितिलाई जानकारी गराउनु पर्नेछ।

ङ. मतदाता नामावलीमा परेको दावी-बिरोध उपर  निर्वाचन समितिले सुझबुझ गरे पश्चात अन्तिम मतदाता नामावली प्रकाशन गर्नेछ।

## ५.  निर्वाचन हुने पद र उम्मेदवारी मनोनयन दर्ता शुल्क

नेपाली सम्पर्क समिति दक्षिण कोरियाको  विधान अनुसार नयाँ कार्यसमिति चयनको लागि देहाय बमोजिमका पदका लागि निर्वाचन हुने भएकोले, कार्य समितिमा उम्मेदवारी दिन इच्छुक योग्यता पुगेका कुनै पनि साधारण सदस्यले निर्वाचन कार्यतालिकामा उल्लेखित समयभित्र तोकिएको शुल्क बुझाइ निर्वाचन समितिमा आफ्नो उम्मेदवारी मनोनय दर्ता गराउन सक्नेछन्।

| क्र.सं | पद | पद (संख्या) | मनोनयन दर्ता शुल्क (KRW) |
|---|---|---|---|
| १ | अध्यक्ष | १ | ८ ००,००० |
| २ | वरिष्ठ उपाध्यक्ष | १ | ७००,००० |
| ३ | उपाध्यक्ष | २ | ६००,००० |
| ४ | महसचिव | १ | ५००,००० |
| ५ | सचिव | २ | ४००,००० |
| ६ | कोषाध्यक्ष | १ | ५००,००० |
| ७ | सह- कोषाध्यक्ष | १ | ४००,००० |
| ८ | सदस्य | ८ | १५०,००० |

**निर्वाचन हुने कुल पद संख्या       १७**

## ६. उम्मेदवार हुन आवश्यक योग्यता

नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७औं महाधिवेशनको लागि साधारण सदस्यको रुपमा दर्ता भई निर्वाचन समितिले प्रकाशित गर्ने “ अन्तिम मतदाता नामावली ” मा सूचिकृत साधारण सदस्यहरुमध्ये कुनै पनि व्यक्ति कार्य समितिको कुनै एक पदका लागि उम्मेदवार हुन योग्य हुनेछन्। यसरी उम्मेदवार हुन योग्य व्यक्तिहरुको लागि निम्न बमोजिमको शर्तहरु लागू हुनेछन्।

क .   कार्य समितिको अध्यक्ष  पदका उम्मेदवार बन्न इच्छुक साधारण सदस्यले यस अघि कार्य समितिको कुनै पनि पदमा रही कम्तिमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ।

ख.   वरिष्ठ उपाध्यक्ष पदका उम्मेदवार बन्न इच्छुक साधारण सदस्यले यस अघि कार्य समितिको कुनै पनि पदमा रही कम्तिमा एक कार्यकाल पूरा गरेको वा जातीय, क्षेत्रीय सस्थाको अध्यक्ष रही एक कार्यकाल पुरा गरेको हुनु पर्ने छ |

ग.   अध्यक्ष  र वरिष्ठ उपाध्यक्ष बाहेक अन्य पदका लागि भने संस्थाको साधारण सदस्य भएको व्यक्ति उम्मेदवार हुन पाउने छन्।

घ.   यस अघि नेपाली सम्पर्क समिति दक्षिण कोरियासंग आबद्द रहि संगठनको नाममा बाँकी रहेको बक्यौता तथा जिन्सी भुक्तानी नगरेको एवं संस्थाको आचार संहिता र विधानलाई पालना नगरी अनुशासन भङ्ग गरेको रेकर्ड पाइएमा, त्यस्ता साधारण सदस्य कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैनन्।

ङ. उम्मेदवार दर्ता गरेको दिनबाट कम्तिमा १ बर्ष कोरिया बस्न सक्ने प्रमाण समेत पेश गर्नु पर्नेछ।

च. उम्मेदवारले कुनैपनि राजनैतिक, धार्मिक संस्थाको कार्यकारी समितिको पदाधिकारी वा सदस्य पद धारण नगरेको हुनु पर्नेछ |

छ. बिद्यार्थीहरुले पनि उम्मेदवारी दर्ता गर्न पाउने छन् |

ज. निर्वाचन समितिका संयोजक र सदस्यहरु कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैनन्।

झ. कोरियावासी सम्पूर्ण नेपालीहरुले उम्मेदवारी दर्ता गर्न पाउने छन् |

## ७. उम्मेदवारी मनोनयन दर्ता प्रक्रिया

क. अनुसूची-१ मा रहेको उम्मेदवारी मनोनयन दर्ता फारम भरि आफ्नो उम्मेदवारी दर्ता गर्न सकिने छ |

ख. उम्मेदवारी मनोनयन-पत्र निर्वाचन समितिका कुनै पनि सदस्यसंग लिन र बुझाउन सकिनेछ।

ग. उम्मेदवारले मनोनयन-पत्रमा उल्लेख भएको विवरण पूर्ण रुपमा भरी तोकिएको शुल्क निर्वाचन समितिलाई बुझाउनु पर्नेछ।

घ. उम्मेदवारले मनोनयन-पत्र दर्ता गर्दा आफ्नो परिचय खुल्ने नेपाली सम्पर्क समिति दक्षिण कोरियाको साधारण सदस्य भएको परिचय-पत्र निर्वाचन समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ।

ङ. प्रस्तावक र समर्थक नेपाली सम्पर्क समिति दक्षिण कोरियाको औं महाधिवेशनको लागि छनौट भएका साधारण सदस्यबाट हुनु पर्नेछ।

च. उम्मेदवार हुन चाहने कुनैपनि साधारण सदस्यले मतदाता नामावलीमा सूचिकृत भएका साधारण सदस्यहरुमध्येबाट कम्तिमा २ जना प्रस्तावक र २ जना समर्थकको हस्ताक्षर सहित उम्मेदवारी मनोनयन पत्र निर्वाचन समितिमा बुझाउनु पर्नेछ।

छ. उम्मेदवारले मनोनयन-पत्र संगै प्रस्तावक र समर्थकको परिचय खुल्ने साधारण सदस्यको परिचय-पत्र निर्वाचन समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ।

ज . प्रस्तावकले १ जना भन्दा बढि उम्मेदवारलाई प्रस्ताव गर्न पाइने छैन। तर समर्थकको हकमा भने १ भन्दा बढी उम्मेदवारलाई समर्थन गर्न पाउँनेछन्।

झ . एक जना उम्मेदवार अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाउने छैन।

ञ . निर्वाचन कार्यतालिकामा उल्लेखित उम्मेदवारी फिर्ता समयसीमाभित्र उम्मेदवारी फिर्ता नलिएमा उम्मेदवारी दर्ता शुल्क फिर्ता गरिने छैन।

ट. मतपत्रमा उम्मेदवारको नामक्रम उम्मेदवारी दर्ता क्रमानुसार रहनेछ।

**८. मतदान प्रक्रिया**

क. तोकिएको समय र स्थानमा मात्र मतदान गरिनेछ।

ख. मतदान प्रणालीको प्रकारको छनौट पूर्ण रुपमा निर्वाचन समितिको निर्णयमा रहने छ।

ग. मतदान गोप्य रुपले गरिनेछ।

घ. निर्वाचन समितिद्वारा प्रकाशित अन्तिम मतदाता नामावलीमा समावेश भएका साधारण सदस्यले निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गर्न पउनेछन् र मतदानको निम्ती साधारण सदस्यले आफ्नो परिचय खुल्ने परिचय-पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ।

**९. मतगणना**

क. मतदान कार्यक्रम सम्पन्न भएपछि तोकिएको समय र स्थानमा निर्वाचन समिति र उम्मेदवारका प्रतिनिधिको रोहवरमा मतगणना शुरु गरिनेछ।

ख. निर्वाचन समितिको संयोजकको हस्ताक्षर भएको मतपत्रमा खसेको मतलाई मात्र मान्यता दिएनेछ।

ग. प्रत्येक उम्मेदवारको नामको पछाडी रहेको कोष्ठभित्र रेजा [√] चिन्ह लगाइएको मतपत्रलाई मात्र मान्यता दिइनेछ।

घ. रेजा [√] चिन्ह बाहेक अन्य चिन्ह लगाइएको तथा खाली छोडिएको कोष्ठको मत बदर भएको मान्य हुनेछ।

ङ. उम्मेदवारको नाम तथा थर लेखिएको कोष्ठमा रेजा [√] चिन्ह लगाइएमा सो पदको मत बदर भएको मान्य हुनेछ।

च. कोष्ठभित्रबाट रेजा [√] चिन्हको संकेत शुरुवात भएर बाहिर गएपनि रेजा [√] चिन्ह शुरुवात गरेको कोष्ठमा मत दिइएको मानिनेछ।

छ. रेजा [√] चिन्ह कोष्ठ बाहिरबाट शुरु भएर उम्मेदवारको कोष्ठभित्र गएमा उक्त मत बदर हुनेछ। (च.) मा उल्लेख गरिए अनुसार कोष्ठ भित्रबाट शुरु भएको रेजा [√] चिन्हको मत मात्र गणना हुनेछ।

ज. सदस्य पदको हकमा आठ जनाभन्दा बढी सदस्यहरुको कोष्ठमा रेजा [√] चिन्ह लागेको मतपत्र बदर हुनेछ।

झ. अध्यक्ष १ भन्दा बढी,वरिष्ठ उपाध्यक्ष १ भन्दा बढी, महसचिव १, सचिव २, कोषाध्यक्षमा र सह-कोषाध्यक्षमा १ भन्दा बढी कोष्ठमा रेजा [√] चिन्ह लगाएमा उक्त पदको मत बदर भएको मान्य हुनेछ।

**१०. निर्वाचन परिणाम**

क. निर्वाचन परिणाम घोषणा निर्वाचन कार्य तालिका अनुसार गरिनेछ।

ख. सम्बन्धित पदका लागि प्रत्यासी मध्ये सदर मतका हिसाबले सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई विजेता घोषणा गरिनेछ।

ग. कुनैपनि पदमा मत बराबर भएमा उक्त पदको लागि मात्र सम्बन्धित उम्मेदवारहरुको मंजुरी अनुसार गोलाप्रथा तथा पुन: मतदान गरिनेछ।

घ. कुनै पदमा उम्मेदवार मनोनयन गर्ने व्यक्ति संख्या यस नियमावलीको ५ नम्बरमा रहेको तालिकामा उल्लेखित पद संख्या संग दुरुस्त मिल्न गएमा त्यस्ता उम्मेदवारलाई निर्बिरोध निर्वाचित भएको घोषणा गरिनेछ।

**११. विविध**

क. नेपाली सम्पर्क समितिको विधानमा व्यवस्था भए अनुसार उम्मेदवारी मनोनयन पत्र रितपूर्वक दर्ता भए नभएको निर्वाचन समितिले जाँच गरी आवश्यक परेको खण्डमा संबन्धित उम्मेदवारलाई संशोधन गर्न लगाई मनोनयन पत्र पुन: दर्ता गर्न लगाउनेछ।

ख. निर्वाचन स्थलमा कुनैपनि उम्मेदवारले निर्वाचन प्रचार प्रसारका कार्यहरु गर्न पाउने छैन। साथै एक उम्मेदवारले अर्को उम्मेदवारको व्यक्तिगत चित्रण, गालि, गलौज, अपशब्द जस्ता अमानवीय कार्यहरु गरेको प्रमाणित भएमा त्यस्ता उम्मेदवारको उम्मेदवारी बदर गर्न सकिनेछ।

ग. निर्वाचन समितिका कुनै पनि निर्वाचन सदस्यहरुले महाधिवेशनको अवधिभर कुनै पनि उम्मेदवारको पक्ष-विपक्ष भएर बोल्न वा सघाउन पाउँने छैन।

घ. नेपाली सम्पर्क समितिको निर्वाचनमा उम्मेदवारी मनोनयन गरेका कुनै पनि उम्मेदवारको विरुद्द गैरकानूनी तथा गैर जिम्मेवारीपूर्ण काम गरेको उजुरि परेमा वा कानून विपरीत कार्य गरेको ठहर भएमा त्यस्ता उम्मेदवारलाई निर्वाचन समितिले आवश्यक छानबिन गर्नेछ। छानबिन पश्चात गैर-कानूनि कार्य गरेको प्रमाणित भएमा निजको उम्मेदवारी रद्द गर्न सक्नेछ।

**१२. आचार संहिता निर्माण**

क. यो आचार संहिता नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७औं महाधिवेशन निर्वाचन प्रक्रियालाई निष्पक्ष, परदर्शी र विवादरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यका साथ मिति नेपाली सम्पर्क समिति दक्षिण कोरियाको नियुक्त निर्वाचन समितिलाई प्रत्यायोजन गरेको अधिकारलाई प्रयोग गरि तयार पारिएको छ।

ख. यो नियमावली नेपाली सम्पर्क समिति दक्षिण कोरियाको विधानको आधारमा तयार पारिएको छ।

ग. नेपाली सम्पर्क समिति दक्षिण कोरियाको विधान तथा यस आचार संहितामा समावेश नभएका निर्वाचन सम्बन्धि कुनै पनि विषयमा विवाद आएमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

## १३. निर्वाचन कार्यतालिका

| **क्र.सं** | **निर्वाचन कार्यक्रम** | **मिति** | **समय** |
|---|---|---|---|
| **१** | साधारण सदस्यता वितरण | **२०१९-नोभेम्बर-०१** | |
| **२** | साधारण सदस्यको फारम भर्ने अन्तिम मिति | **२०१९-डिसेम्बर -२२** | **३ बजे सम्म** |
| **३** | मतदाता नामावली प्रकाशन | २०१९-डिसेम्बर -२३ | |
| **४** | मतदाता नामावलीप्रतिको दावि विरोध | २०१९-डिसेम्बर -२३ | |
| **५** | अन्तिम मतदाता नामावली प्रकाशन | २०१९-डिसेम्बर -२७ | |
| **६** | उम्मेदवारी मनोनयन दर्ता | **२०१९-नोभेम्बर-०१** | |
| **७** | उम्मेदवारी मनोनयन दर्ता अन्तिम मिति | **२०१९-डिसेम्बर -२२** | **३ बजे सम्म** |
| **८** | उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन | २०१९-डिसेम्बर -२३ | |
| **९** | दावि विरोध तथा उम्मेदवारी फिर्ता | २०१९-डिसेम्बर -२४ | |
| **१०** | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०१९-डिसेम्बर -२५ | |
| **११** | निर्वाचन (मतदान) | २०१९-डिसेम्बर -२९ | मतदान सकिएपछि |
| **१२** | मतगणना | २०१९-डिसेम्बर -२९ | मतगणना सकिएपछि |
| **१३** | निर्वाचन परिणाम घोषणा | २०१९-डिसेम्बर -२९ | मतगणना सकिएपछि |
| **१४** | सपथ ग्रहण | २०१९-डिसेम्बर -२९ | |

**※नोट: महाधिवेशनको अन्य कार्यक्रमको समयानुसार निर्वाचन कार्यतालिकाको समयमा फेरबदल हुनसक्ने जानकारी गराइन्छ।**

# अनुसूचि-१

## निर्वाचन समिति

## नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७ औं महाधिवेशन-२०१९

# उम्मेदवारी मनोनयन दर्ता फारम

श्री संयोजक ज्यू, मिति:

निर्वाचन समिति, १७ औं महाधिवेशन

नेपाली सम्पर्क समिति दक्षिण कोरिया।

बिषय: उम्मेदवारी मनोनयन दर्ता सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा म (............................................................), नेपाली सम्पर्क समिति दक्षिण कोरियाको विधान तथा निर्वाचन आचार संहिता - २०१९ले दिएको नियमहरु पूर्ण रुपमा पालना गर्दै नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७ औं महाधिवेशनको निर्वाचनमा कार्य समितिको ....................................................पदमा आफूलाई योग्य ठानी तपसील बमोजिमको प्रस्तावक र समर्थक सहित तोकिएको उम्मेदवारी मनोनयन दर्ता शुल्कको साथ निर्वाचन समिति समक्ष आफ्नो उम्मेदवारी मनोनयन पत्र दाखिला गर्दछु।

१. उम्मेदवारको नाम थर:

२. कोरियाको ठेगाना:

३. ARC/Passport नम्बर:

४. फोन नं:

५. हस्ताक्षर:

**प्रस्तावक:**

| | | | |
|---|---|---|---|
| १.१ | प्रस्तावकको नाम थर: | २.१ | प्रस्तावकको नाम थर: |
| १.२ | ARC/Passport नम्बर: | २.२ | ARC/Passport नम्बर: |
| १.३ | फोन नं: | २.३ | फोन नं: |
| १.४ | हस्ताक्षर: | २.४ | हस्ताक्षर: |

**समर्थक:**

| | | | |
|---|---|---|---|
| १.१ | समर्थकको नाम थर: | २.१ | समर्थकको नाम थर: |
| १.२ | ARC/Passport नम्बर: | २.२ | ARC/Passport नम्बर: |
| १.३ | फोन नं: | २.३ | फोन नं: |
| १.४ | हस्ताक्षर: | २.४ | हस्ताक्षर: |

**निर्वाचन समितिको प्रयोजनको लागि**

दर्ता मिति:

दर्ता नं:

बुझिलिनेको हस्ताक्षर:

निर्वाचन समिति संयोजकको हस्ताक्षर:

## अनुसूचि-२

## निर्वाचन समिति

## नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७ औं महाधिवेशन-२०१९

# उम्मेदवारी मनोनयन फिर्ता फारम

श्री संयोजक ज्यू, मिति:

निर्वाचन समिति, १७ औं महाधिवेशन

नेपाली सम्पर्क समिति दक्षिण कोरिया।

बिषय: उम्मेदवारी मनोनयन फिर्ता सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा म ________________________________________ले नेपाली सम्पर्क समिति दक्षिण कोरियाको १७ औं महाधिवेशनको निर्वाचनमा संस्थाको कार्य समितिको देहाय अनुसारको पदमा दिएको उम्मेदवारी निर्वाचन समितिले प्रकाशित गरेको कार्यतालिकामा उल्लेखित समयानुसार फिर्ता लिएको व्यहोरा निर्वाचन समिति समक्ष जानकारी गराउन चाहन्छु।साथै निर्वाचन समितिले तोके अनुसार उम्मेदवार मनोनयन शुल्क पनि फिर्ता पउं भनि यसै पत्रका साथ अनुरोध गर्दछु।

१. उम्मेदवारको नाम थर:

२. उम्मेदवारी दिएको पद:

३. कोरिया ठेगाना:

४. ARC/Passport नम्बर:

५. फोन नं:

६. हस्ताक्षर:

## निर्वाचन समितिको प्रयोजनको लागि

दर्ता मिति: बुझिलिनेको हस्ताक्षर:

दर्ता नं: निर्वाचन समिति संयोजकको हस्ताक्षर: